**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# *रावणायन* उपन्यासको सांस्कृतिक अध्ययन

**प्रभा मरहठ्ठा कोइराला**
*नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन*

***Article History :*** *Received : 15, Feb. 2026; Reviewed : 14th May, 2026; Accepted : 3rd June 2026*
***Corresponding Author :*** *Prabha Marahattha Koirala* ***E-mail :*** *koiralaprabha@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v4i01.95915*

## सारसङ्क्षेप

*प्रस्तुत लेखमा रेवतीरमण खनालको रावणायन उपन्यासमा अभिव्यक्त सांस्कृतिक व्यवहार र शक्तिसत्ताको चलखेल के कस्तो रहेको छ भन्ने प्राज्ञिक समस्या समाधानार्थ सोही कृति अध्ययन र विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित छ । यसका लागि आवश्यक सामग्री सङ्कलनमा पुस्तकालय प्रयोग गरिएको छ । रावणायन उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । आख्यानमा प्रतिबिम्बित संस्कृति अध्ययनका निम्ति सांस्कृतिक अध्ययनका सिद्धान्तसँग सम्बन्धित अवधारणाहरू रहेका लेख, रचना, पुस्तकका साथै रावणायन उपन्यासमा आधारित समालोचना, लेख आदिलाई द्वितीय सामग्रीका रूपमा सङ्कलन गरिएको छ । प्रस्तुत सामग्री अध्ययन गरी आवश्यक सामग्री छानेर पाठ विश्लेषणमा उपयोग गरिएको छ । साहित्यिक पाठ अध्ययन र विश्लेषणमा आधारित प्रस्तुत लेख गुणात्मक प्रकृतिको रहेको छ । चयन गरिएको कृतिमा अभिव्यक्त सांस्कृतिक व्यवहार, शक्तिसत्तासँग यसको सम्बन्ध अध्ययनका निम्ति सांस्कृतिक अध्ययनका मुख्य अवधारणहरू उपयोग गरिएको छ । विश्लेषणमा आवश्यकताअनुसार निगमनात्मक तथा आगमनात्मक पद्धतिको उपयोग गरी निष्कर्ष निकालिएको छ । सांस्कृतिक अध्ययनले सांस्कृतिक व्यवहार र सत्ताशक्तिसँग त्यसको सम्बद्धतालाई हेर्ने काम गर्दछ । यसको मुख्य लक्ष्य समाजमा रहेका शक्तिसम्बन्धहरूलाई उदाङ्गो पार्नु, त्यसले सांस्कृतिक व्यवहारलाई कसरी आकार प्रदान गरेको छ भन्ने यथार्थ अध्ययन गर्नु हो । सांस्कृतिक अध्ययनभित्र मानवसमाजका आर्थिक, सामाजिक, राजनैतिक, जातीय, लैङ्गिक तथा वर्गीय रीतिरिवाज, परम्परा, रहनसहन, विभेद, दमन, शोषणजस्ता सबै गतिविधि पर्दछन् । समाजका परम्परागत संस्कृतिबाट साहित्य प्रभावित हुन्छ र ती संस्कृतिहरू साहित्यमा प्रतिबिम्बित हुन्छन् । रावणायन उपन्यासमा पनि रावण र रामका चरित्रमाफर्त आदिम संस्कृति, शक्ति र सत्ताको चलखेलको प्रतिबिम्बन भएको छ । यस उपन्यासमा मानिसले नै सत्ताधारी वा शक्तिशालीलाई देवत्वकरण गर्ने र शक्तिहीन तथा विद्रोहीलाई राक्षसीकरण गर्ने सांस्कृतिक पृष्ठमूमि निर्माण गरेका रहस्य उद्घाटन गरिएको छ । रावणायन उपन्यासमा व्यक्त ऋषिका कथित कुलीन संस्कृति र त्यसका विरुद्धमा आएको रक्षसंस्कृतिका सांस्कृतिक व्यवहार, अन्तर्सङ्घर्ष र विद्रोह अध्ययन गर्दा ती सत्य, न्यायका पक्षमा नभई शक्ति, सत्ता प्राप्तिका निम्ति सङ्घर्षरत रहेको निष्कर्ष यस लेखमा निकालिएको छ । उपन्यासमा आर्य संस्कृतिले शक्ति र सत्ताकै चलखेलमा मान्छेलाई देवता, मानव, दानव वा राक्षसका रूपमा विभाजन गर्ने कुसंस्कार बसालेको र त्यसलाई भत्काउन रावणले वैकल्पिक शक्तिका रूपमा रक्षसंस्कृति निर्माण गरेको छ । तर दुवै संस्कृति मान्नेले आ-आफ्ना संस्कृतिका उद्देश्य, नियम, अनुशासन पालना नगरी एकअर्काका पहिचान, अस्तित्व तहसनहस बनाउन उद्धत हुँदा धेरै जिउधनको सर्वनाश भएको निष्कर्ष यस लेखमा निकालिएको छ ।*

**शब्दकुञ्जी**: आर्यसंस्कृति, प्रतिरोध, रक्षसंस्कृति, सत्ता–शक्ति, सङ्घर्ष ।

## विषयपरिचय

मानिसका समग्र जीवन भोगाइ, संस्कार, अनुभव, परम्परा आदि तिनका रचना वा कलासाहित्यमा प्रतिबिाम्बत हुन्छन् । यस्ता कलाकृतिमा सिर्जनात्मक खोज, अनुसन्धान गरे वा आलोचनात्मक समीक्षा गरे पुराना संस्कृतिका सबल र

*Copyright 2026© the Author(s)*

कमजोर पक्ष पत्ता लगाउन सकिन्छ। यो मानवीय स्वभाव हो। यही स्वभावले सत्य र यथार्थ पहिचान गर्न सहयोग गर्छ। यसर्थ मानिसलाई सांस्कृतिक, सामाजिक यथार्थबाट सधैँ टाढा राख्न सकिँदैन। यसले संस्कृतिभित्रका विकृति जातीय, वर्गीय, लैङ्गिकजस्ता विविध विभेद अधययन गर्न पनि यसले सहयोग गर्छ। विभेदकारी वर्गीय समाजको सांस्कृतिक परम्परा पनि विभेदी र वर्गीय नै हुन्छ। जीवन र जगत्‌लाई नजिकैबाट चित्रण गर्ने, चिनाउने उपन्यास विधामा पनि सांस्कृतिक यथार्थ आएको हुन्छ। यसर्थ उपन्यासमा समाजका समग्र सांस्कृतिक यथार्थ समाजमा घटिरहेका र घट्न सक्ने यथार्थ घटना, परिवेश, पात्रका भूमिकासँग जोडिएर आएका हुन्छन्। यसरी सांकृतिक यथार्थ आएका आख्यान यथार्थवादी आख्यान हुन्। समाज जस्तो छ त्यस्तै चित्रण गर्नु नै यथार्थवादको मूल प्रवृत्ति हो।

नेपाली उपन्यास परम्परामा यथार्थवादी उपन्यासहरूले आफ्नै समयका सामाजिक, आथिक, राजनीतिक तथा सांस्कृतिक यथार्थलाई प्रतिबिम्बन गरेका छन्। नेपाली आख्यानका क्षेत्रमा २०४७ सालपछि सशक्त यथार्थवादी आख्यानहरू रचना भएका देखिन्छन्। यस्ता आख्यानहरूमा नेपाली समाजका संस्कारलगायत आर्थिक, सामाजिक,राजनीतिक विकृति, बेथिति, निम्नवर्गीय समस्या र उनीहरूमाथि थोपरिएका अत्याचारसमेत समावेश भएका छन्। वर्तमानमा नेपाली समाजका विविध क्षेत्रका विकृति, बेथितिको विरोध गरी सांस्कृतिक जागरणको पक्षपोषण गरिएका थुप्रै उपन्यासहरू पनि आएका छन्। सामाजिक तथा सांस्कृतिक रूपान्तरणको पक्षपोषण गरेर समाजवादी यथार्थवादी आख्यानहरू पनि प्रकाशित भइरहेका छन्। नेपाली समाजका वर्गीय, लैङ्गिक, जातीय विभेद, असमानताका विरुद्धसमेत यथार्थवादी आख्यानहरूले आवाज उठाएको देखिन्छ। नेपाली समाज वर्गीय छ। वर्गीय समाजका रीतिरिवाज वा संस्कृति पनि वर्गीय नै हुन्छन्। सुख, दुःख, सङ्घर्षहरू पनि वर्गीय हुन्छन्। वर्गीय, लैङ्गिक, जातीय विभेद विरुद्ध हरेक वर्ग, लिङ्ग, जातिलाई वाचाल बनाउने संस्कृतिको पक्षपोषण गरिएका आख्यानमा प्रगतिवादी मार्क्सवादी विचार आत्मसात् गरिएको देखिन्छ। यसर्थ यस लेखमा यस्तै पौराणिक वर्गीय, जातीय विभेदयुक्त समाजिक परिवेश, प्रतिरोध र सङ्घर्ष चित्रण गरिएको खनाल रेवतीरमणको *रावणायन* उपन्यासमा सांस्कृतिक यथार्थ के कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासा समाधान गर्नु नै मुख्य उद्देश्य रहेको छ। नेपाली साहित्यका कविता, काव्य, गजल, मुक्तकमा समेत कलम चलाएका खनाल रेवतीरमणको २०७८ सालमा प्रकाशित *रावणायन* उपन्यास पूर्वीय पुराकथामा आधारित पहिलो आख्यान कृति हो। *रावणायन* उपन्यासमा रावणलाई नै नायक बनाई उसका जन्मदेखि मृत्युसम्मका मुख्यमुख्य चरित्र र घटनाहरू समावेश गरिएको छ। यही आधारमा उपन्यासको मूल शीर्षक *रावणायन* राखिए तापनि यसभित्र कथानक, पात्र, परिवेश सिलसिलाबद्ध हुनेगरी उपशीर्षकहरू दिएको छ। 'परिशिष्ट' भागसमेत समावेश गरी राम, रावणका चरित्र, प्रवृत्तिमाथि थप स्पष्टीकरण दिइएको छ। यसले उपन्यासमा व्यक्त घटना, चरित्र, संस्कृति बुझ्न सजिलो बनाएको छ। रावणले जन्मेदेखि नमर्दासम्म गरेका राम्रा, नराम्रा कार्यहरू, उसका चरित्रहरू वर्णन गर्ने क्रममा उपन्यासमा अन्य पात्रहरू र परिवेश आवश्यकताअनुसार संयोजन गरिएको छ। यसर्थ कतिपय पात्रहरू बिचमा नै उपस्थित भएर बिचमा नै हराएका छन्। उपन्यासमा सुरुदेखि अन्त्यसम्म सशक्त, गतिशील रहेको पात्र रावण नै हो। उपन्यासमा राम, सीता, लक्ष्मण, बलि, बाली, सुग्रीव, हनुमान, बानरसेनाहरू, पुलस्त्य, विश्रवा, अगस्त्य, वशिष्ठ, शुक्राचार्य, विश्वामित्रजस्ता थुप्रै ऋषिहरू, देवता भनिएका ब्रह्मा, विष्णु, शिव, इन्द्र, इन्द्राणी आदि तारा, मन्दोदरी, जनक, सुमाली, माली, माल्यवान, प्रहस्त, रावणकी आमा कैकसी, भाइ कुम्भकर्ण, विभीषण, बहिनी शूपर्णखा, यक्षपुत्री ताडका, ताडकाका बाआमा, लाग्ने, छोराहरू सुबाहु, मारिच आदि बहुल पौराणिक पात्रहरू प्रयोग भएका छन्। यिनकै माध्यमबाट ऋषिकालीन आर्य संस्कृतिका नियम, अनुशासन, अन्तर्विरोध प्रस्तुत गरिएको छ भने त्यही संस्कृतिमा रहेका विकृति र विसङ्गतिको विरोध गर्दै प्रतिसंस्कृतिका रूपमा जन्मिएको रक्ष संस्कृतिका नियम, अनुशासन, प्रतिरोध, सङ्घर्ष आदि उपन्यासमा समेटिएका छन्। आर्य संस्कृति र रावण निर्मित रक्ष संस्कृतिका राम्रा, नराम्रा पक्षलगायत राम र रावणका चरित्रगत प्रवृति वर्णन गरी पुराना र स्थापित कृतिभित्रका भ्रम चिरेर यथार्थको नजिक पुराउने प्रयास उपन्यासमा गरिएको छ।

प्रस्तुत उपन्यासलाई विभिन्न समीक्षकले आआफ्ना दृष्टिकोणले समीक्षा गरेका छन् । जीवन जीवन्त ( २०७९) ले यस उपन्यासलाई मिथकीय विषयको पुनर्लेखनका रूपमा चर्चा गरेका छन् । हरिबोल काफ्ले (२०८०) ले विभिन्न लोकोक्ति रहेको सन्दर्भमा *रावणायन* उपन्यासको समीक्षा गरेका छन् । कर्ण बानिया (सन् २०२४) ले *रावणायन* उपन्यासमा भोगवादी संस्कृतिका विरुद्ध रक्ष संस्कृतिको पक्ष वकालत गरिएको तर्क गरेर समीक्षा गरेका छन् । जीवन श्रेष्ठ (सन् २०२५) ले यस उपन्यासमा व्यक्त युगचेतना अध्ययन गरेका छन् । यसरी विभिन्न लेख, समीक्षामा यस उपन्यासको विविध पक्षको विश्लेषण गरिए तापनि सांस्कृतिक अध्ययनका दृष्टिले यस कृतिको विश्लेषण नभएको हुँदा प्रस्तुत उपन्यासमा केन्द्रित भई यसमा प्रतिबिम्बित आर्य तथा रक्ष संस्कृतिका शक्ति, सत्तासम्बन्ध तथा मोहमा देखिएका अन्तर्विरोध, प्रतिरोध तथा द्वन्द्व सांस्कृतिक अध्ययनका मार्क्सवादी दृष्टिकोणअनुसार अध्ययन र विश्लेषण गरिएको छ ।

**अध्ययनविधि**

प्रस्तुत लेखमा कृति अध्ययन, विशेषणका लागि आवश्यक प्राथमिक तथा द्वितीय सामग्री सङ्कलन गर्दा पुस्तकालयलाई मुख्य आधार बनाइएको छ । *रावणायन* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । आख्यानमा प्रतिबिम्बित सत्तासङ्घर्षका संस्कृति अध्ययनका निम्ति सांस्कृतिक अध्ययनका मार्क्सवादी दृष्टिकोणका अवधारणाहरू रहेका लेख, रचना, पुस्तकका साथै *रावणायन* उपन्यासमा आधारित समालोचना, लेख आदिलाई द्वितीय सामग्रीका रूपमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूको गहन अध्ययन गरी उपन्यास अध्ययन, विशेषण प्रक्रियामा उपयोगी सामग्री छनोट गरिएको छ । उपन्यास अध्ययन, विश्लेषण प्रक्रिया गुणात्मक प्रकृतिको हुनेहुँदा निगमनात्मक तथा आगमनात्मक पद्धतिको उपयोग गरेर समस्या समाधानका उपायहरूको खोजी गरी निष्कर्ष निकालिएको छ । सांस्कृतिक अध्ययनका मार्क्सवादी दृष्टिकोणका अवधारणाहरूलाई उपन्यास विश्लेषणको मुख्य विधिका रूपमा उपयोग गरिएको छ ।

**सांस्कृतिक अध्ययनको सैद्धान्तिक अवधारणा**

समाजमा प्रचलनमा रहेका रीतिरिवाज, धर्म, संस्कार वा चाडपर्व, नियम, अनुशासन, बोल्ने र विचार गर्ने तरिका, आहारविहार, श्रम गर्ने तरिका सबै हाम्रा संस्कृति हुन् । कला-साहित्य लेखन, पठन संस्कृति पनि हाम्रा सांस्कृतिक परम्परा हुन् । कुनै पनि वस्तुलाई परिमार्जन गरेर वा सुसंस्कृत रूप दिएर चम्किलो उज्यालो, निकुट बनाउने काम, संस्कार, परिष्कार गर्ने कामलाई संस्कृति भनिन्छ (प्रभात, २०७४, पृ. ४६१) । मानव सभ्यताको विकाससँगै विभिन्न संस्कृति पनि विकसित भएको देखिन्छ । सबै प्रकारका वर्ग, समुदायका संस्कृति, सांस्कृतिक आस्था, स्थान, मूल्य, मान्यता, सङ्घर्ष, प्रतिरोध, सभ्यताजस्ता सबै पक्षको अध्ययन गरिने सांस्कृतिक अध्ययन बहुलवादी अवधारणामा आधरित देखिन्छ । कला र साहित्यमा समेटिएका सामाजिक परिवेश, धर्म, लिङ्ग, वर्ग आदिका सोच, विचार, भूमिका र व्यवहारबाट समाजमा प्रचलनमा रहेका फरकफरक संस्कृतिहरू पहिचान र अध्ययन गर्न सकिन्छ भन्ने मूल मान्यता सांस्कृतिक अध्ययनको रहेको छ । यसमा हिजोका दिनमा समाजमा कस्तो संस्कृति प्रचलमा थियो र आजका दिनमा कस्तो संस्कृति प्रचलनमा रहेको छ भन्ने कुराको अध्ययन गर्न सकिन्छ (गैरे, सन् २०२४, पृ. १४१) । यसर्थ कला, संस्कृति मानवसमाजमा नै जन्मन्छन्, हुर्कन्छन् र स्थायी स्वरूप प्राप्त गर्दछन् । सबै संस्कृति मानव व्यवहारबाट निर्मित र आर्जित सम्पत्ति हुन् । संस्कृतिले धेरै क्षेत्रलाई आफूभित्र समाहित गरेको हुनाले सांस्कृतिक अध्ययन भौतिक विज्ञानको जस्तो मूर्त, सीमाबद्ध सिद्धान्त र दर्शन नभई यसले आवश्यकताअनुसार जुनसुकै सिद्धान्त वा मान्यतालाई उपयोग गरेको देखिन्छ (सापकोटा, २०८०, पृ. ३७) । लेखकले चाहेर वा नचाहे पनि साहित्यमा संस्कृति जोडिएको हुन्छ ।

राम्रा संस्कृतिहरू अनुसरण गर्नु र समानता, न्याय, सद्भाव, एकता भड्काउने अहितकारी संस्कृतिहरू परित्याग गर्दै जानु नै मानवीय सभ्यता हो । समाजका प्रचलनमा रहेका कतिपय संस्कृतिहरू विभेदकारी छन् । तिनले वर्गीय समाज

निर्माण गर्छन् । यसर्थ वर्गीय समाजको संस्कृति पनि वर्गीय नै हुन्छ । एक वर्गका लागि हित हुने संस्कृति अर्को वर्गका लागि अहितकारी हुन्छ भने यस्ता कुरा संस्कृति नभएर विकृतिभित्र पर्दछन् । यस्ता सांस्कृतिक पहिचानका विषयवस्तु समेटिएका आख्यानहरू जटिल प्रकृतिका हुन्छन् । यसर्थ सांस्कृतिक अध्ययनले लेखन, पठनका कृतिलाई राजनीतिक, आर्थिक, सामाजिक, ऐतिहासिक सन्दर्भसँग जोडेर विश्लेषण गर्नुपर्छ भन्ने मान्यता राख्दछ (उप्रेती, २०६८, पृ. २८) । यस्तो अध्ययनबाट आख्यानमा आएका सामन्ती संस्कृति र त्यसले निर्माण गरेका विकृति उद्घाटन गर्न सकिन्छ । शोषक, सामन्तीहरूका शोषण, दमन, अत्याचार गर्ने प्रवृत्ति तथा कुसंस्कारका रहस्य पनि स्पष्ट हुन्छ । नेपालका सन्दर्भमा पुँजीवादी संस्कृतिको विकास हुँदै गए तापनि आधारभूत तहमा सामन्ती संस्कृतिकै वर्चस्व हुँदा सांस्कृतिक प्रदूषणको स्थिति जटिल र असमान किसिमको छ (बराल, २०६७, पृ. २०५) । सामाजिक, आर्थिक, राजनीतिक उथलपुथल, उद्योगधन्धा, कलकारखाना, व्यापारव्यवसायसँग सम्बन्धित नियम, अनुशासन, व्यवहार परिवर्तनका कारण निर्मित नयाँ संस्कृतिहरू पनि साहित्यिक कृतिभित्र समेटिएका हुन्छन् । सांस्कृतिक अध्ययनले त्यसको पनि विश्लेषण गर्नुपर्ने मान्यता राख्दछ ।

मार्क्सवादी चिन्तनअनुसार संस्कृति र समाजव्यवस्था एक अर्कामा आश्रित हुन्छन् । तिनका बिचमा आधार र अधिरचनाको सम्बन्ध हुन्छ । यसर्थ सामन्तवादी साम्राज्यवादी संस्कृतिको विरोध गर्न वा त्यसलाई बदल्न औपनिवेशिक समाजव्यवस्थाको विरोध गर्नु अपरिहार्य हुन्छ (चापागाईं, २०७३, पृ. २९९) । नवनिर्मित संस्कृतिहरूले पुराना संस्कृतिहरूलाई भत्काउँदै गएका हुन्छन् र नयाँ मूल्य, मान्यताहरू स्थापित गर्दै गएका हुन्छन् । कला साहित्यमा समेटिएका संस्कृतिहरूको अध्ययन र विश्लेषण गर्ने समालोचनालाई सांस्कृतिक समालोचना भनिन्छ । नेपालजस्तो अर्धसामन्ती तथा अर्धपुँजीपति समाजमा विकसित संस्कृतिहरू शोषक, शासकका हितअनुकूल छन् । गरिब, निमुखा निम्नवर्गीय जनतामाथि अन्याय गर्ने प्रकृतिका छन् । फुकोका अनुसार जहाँ शोषण, दमनमा संस्कृति र शक्तिको प्रयोग हुन्छ त्यहाँ शक्तिको प्रतिरोध पनि स्वतःस्फुर्त रूपमा उब्जन्छ (उप्रेती, २०६८, पृ. ३३) । सत्तामा रहेका जात वा वर्गकै संस्कारले सांस्कृतिक व्यवहारमा प्रभाव पारिरहेका हुन्छन् । यसर्थ सांस्कृतिक अध्ययन सामाजिक, राजनीतिक सन्दर्भबाट पनि प्रभावित हुन्छ । सामाजिक, राजनीतिक सन्दर्भले नै सांस्कृतिक व्यवहारलाई जन्म दिने हुँदा कुनैबेलाको सामाजिक, राजनीतिक सन्दर्भ कस्तो थियो भन्ने कुरा विश्लेषण गर्न सांस्कृतिक अध्ययनले सहयोग गर्दछ । यसर्थ संरचनावादले भाषिक संरचनाको निश्चित र निर्धारित सूत्रका आधारमा कला, संस्कृतिको निश्चित र निर्धारित अर्थबद्ध व्याख्या गर्न सकिन्छ भन्ने मान्यता राख्दछ (पाण्डेय, २०६८, पृ. २०) । कला, साहित्य लेखन तथा त्यसको विश्लेषण पनि सांस्कृतिक सापेक्षतामा हुन्छ भन्ने मान्यता यसले राख्दछ ।

सांस्कृतिक अध्ययनअनुसार सांस्कृतिक व्यवहार आफैँमा विश्लेष्य वस्तु हो । अध्ययनका दृष्टिले संस्कृतिको अर्थ परम्परागत अवधारणा मात्र सीमित छैन बरु विस्तृत र विवादास्पद पनि छ (पाण्डेय, २०७३, पृ. ४५) । यसर्थ सांस्कृतिक अध्ययन समाज वा ठाउँको अध्ययन पनि हो, जुन ठाउँमा उभिएर सामाजिक, आर्थिक, राजनीतिक गतिविधिहरू अध्ययन गरिन्छ । सत्ता र शक्तिसम्बन्ध तिनीहरूका बिचमा हुने सङ्घर्ष, शोषण, दमन, अत्याचार, प्रतिरोधका शृङ्खलाहरू सामाजिक, राजनीतिक संरचना आदि सबै सांस्कृतिक अध्ययनभित्र पर्दछन् । यसर्थ नवमार्क्सवादीले वर्गसँगै लिङ्ग, जातिगत विभेदलाई पनि सांस्कृतिक अध्ययनभित्र राखेका छन् । समकालीन आमसञ्चार, दैनिक जीवन, संस्कृति, साक्षरता, शिक्षण कलालाई पनि सांस्कृतिक अध्ययनभित्र समेटिएको छ (भट्टराई, २०७७, पृ. ५२) । यसले आधुनिक समाज, राजनीतिक क्रियाकलापका नैतिक मूल्याङ्कन निष्पक्ष, कठोर र सापेक्षित बनेर गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । सांस्कृतिक अध्ययन अन्तर्विषयक तथा राजनीतिक आलोचना पनि हो । यसर्थ नवमार्क्सवादीहरूले लोकप्रिय संस्कृतिलाई सांस्कृतिक तथा राजनीतिक अध्ययनको क्षेत्र बनाएका छन् (भट्टराई, २०७७, पृ. ५३) । सामाजिक अन्तर्विरोध, द्वन्द्व, सङ्घर्ष, प्रतिरोधका शृङ्खला र यसबाट निर्मित नवीन मान्यता, रूपान्तरण अध्ययन गर्ने तथा हरेक ठाउँका प्रभुत्वशाली वर्ग, संरचना र प्रभुत्वहीन वर्ग, संरचनाको सांस्कृतिक यथार्थ अध्ययन गर्नु पनि यसको मुख्य उद्देश्य हो ।

संस्कृतिमा दमनकारी विचारधारा र मूल्यको अवस्था पनि रहने हुँदा सांस्कृतिक अध्ययनले संस्कृतिले व्यक्त गर्ने

यी विचारधारा पनि अध्ययन गरी त्यसको अध्ययन पद्धति पनि निर्माण गर्छ (भट्टराई, २०७७, पृ. ५७) । यसर्थ सांस्कृतिक अध्ययनअन्तर्गत जातीय, लैङ्गिक, वर्गीय सङ्घर्ष, विभेद, दमन, शोषण, प्रतिरोधका शृङ्खलाहरू सबै पर्दछन् । संस्कृतिहरू साहित्यिक विषय नभए तापनि साहित्यमा सामाजिक जनजीवनसँग जोडिएर आएका हुन्छन् । मानवजातिको भौतिक, मानसिक श्रमबाट सिर्जना भएका सम्पूर्ण मूल्यवान् वस्तुहरू संस्कृतिभित्र पर्दछन् (उपाध्याय, सन् २०२२, पृ. १८५) । संस्कृतिको अर्थ लगाउने जिम्मा पनि पठन संस्कृतिमा बाँचेको समाजको नै हुन्छ । सांस्कृतिक अध्ययनले जनतालाई संस्कृति र शक्तिका विभिन्न रूप बिचको अन्तरसम्बन्धलाई बुझ्ने, सशक्त बनाउने र अस्तित्व कायम राख्नका लागि रणनीति विकास गर्न सहयोग गर्दछ (पाण्डेय, २०७३, पृ. ५१) । कृतिभित्र प्रतिबिम्बित आर्थिक, सामाजिक, राजनीतिक गतिविधिमा आधारित सांस्कृतिक रक्षाका आधारहरू, सङ्क्रमित संस्कृति आदिको वस्तुपरक अध्ययन र विश्लेषण गर्ने काम सांस्कृतिक अध्ययनले गर्छ । कृति वा पाठका सांस्कृतिक पक्षको उद्घाटन गर्न सांस्कृति अध्ययनका दृष्टिकोणबाट कृतिलाई हेर्नुपर्छ भन्ने मान्यता यसले राख्छ । कृतिमा अन्तरसांस्कृतिक प्रभावको अवलोकन, सांस्कृतिक रूपान्तरणको सन्दर्भ, संस्कृतिबोध आदिलाई इतिहासबोधका सापेक्षतामा हेर्ने प्रवृत्ति आदि विशेषताहरू कृति विश्लेषणका सांस्कृतिक पर्याधार हुन् (गौतम, २०७१, पृ. ३४६) । यसर्थ साहित्यमा हाम्रा सांस्कृतिक परम्पराहरू प्रतिविम्बन भएका हुन्छन् । हाम्रा विचार, कला, दिनचर्याका सबै गतिविधिहरू साहित्यमा प्रतिबिम्बित संस्कृतिले प्रतिनिधित्व गरेका हुन्छन् । संस्कृतिको निर्माण जीवनको अन्तरद्वन्द्वबाट पनि हुन्छ । सत्ता संस्कृतिले असमान संस्कृतिलाई सत्तावर्गीय संस्कृतितिर अग्रसर गराउने प्रयास गरिरहेको हुन्छ र राष्ट्रिय संस्कृतिबाट अन्तर्राष्ट्रिय संस्कृतितर्फ डोऱ्याउँछ (उपाध्याय, सन् २०२२, पृ. १८५) । वर्चस्वमा रहेका शक्तिशाली सांस्कृतिक व्यवहारले किनारीकृत वर्गका संस्कृतिलाई प्रभावित बनाउँछन् । यसले गरेका हस्तक्षेप, दमन, शोषणसमेत सांस्कृतिक अध्ययनभित्र पर्दछन् । सांस्कृतिक अध्ययनका यिनै प्रगतिशील मान्यताहरूका आधारमा यस लेखमा खनाल रेवतीरमणको *रावणायन* उपन्यासमा प्रतिबिम्बित संस्कृति र सत्ताशक्तिसँगको सम्बन्ध अध्ययन र विश्लेषण गरिएको छ । कृतिलाई सांस्कृतिक अध्ययनको मार्क्सवादी दृष्टिकोणबाट मात्र अध्ययन गर्नु नै यसको सीमा रहेको छ ।

**विमर्श र परिणाम**

*रावणायन* उपन्यासमा पौराणिक पुराकथाहरूमा लुकेर बसेका सांस्कृतिक यथार्थ र सत्तालिप्साको चलखेल उत्खनन गरी सत्यतथ्यको नजिक पुग्ने गरी वर्णन गरिएको छ । उपन्यासमा तत्कालीन आर्य संस्कृति र रक्ष संस्कृतिका नाममा भएका शक्तिसत्तामा आधारित रहस्यमय परिवेश र घटनासन्दर्भहरू खोतलेर प्रस्तुत गरी शक्तिसत्तामा रहिरहनका निम्ति सत्ताधारी वर्गले अन्य जातजाति, समुदायलाई दलन, शोषण र उत्पीडिनमा पार्ने गरेका यथार्थ उद्घाटन गरिएको छ । यसर्थ मार्क्सवादी प्रगतिशील चिन्तनबाट प्रभावित उपन्यासकार खनाल रेवतीरमणको यस उपन्यास वर्गीय, जातीय, लैङ्गिकलगायत समग्र विभेद र उत्पीडनका विरुद्धमा सङ्घर्ष र प्रतिरोध गर्नुपर्ने सचेतना मुखरित भएको देखिन्छ । यस लेखमा प्रस्तुत उपन्यासमा अभिव्यक्त संस्कृति र सत्ताशक्ति सम्बन्ध विश्लेषण तल गरिएको छ ।

**'रावणायन' उपन्यासमा प्रतिबिम्बित आर्यसंस्कृति र सत्तासम्बन्ध**

*रावणायन* उपन्यासमा समेटिएका घटना, परिवेश तथा चरित्रमा आधारित संस्कारले मानवसभ्यता विकासको आदिम इतिहास नजिक पुऱ्याएको अनुभूति गर्न सकिन्छ । उपन्यासमा पूर्वीय पुराकथामा वर्णित राम, रावणका चरित्रचित्रण गर्ने क्रममा ती पुराकथामा वर्णित विश्वामित्र, दशरथ, कश्यप, पुलस्त्य, विश्रवाजस्ता ऋषिहरूलगायत लक्ष्मण, शूर्पणखा, कैकसी, सुमाली, विभीषण, बाली, सुग्रीव, तारा, मन्दोदरी, राजा जनकजस्ता थुप्रै पात्रहरूसमेत समेटिएका छन् । ती पुराकथामा रहस्यमय बनेका पात्रहरूका राम्रा, नराम्रा चरित्रहरू खोतलेर उद्घाटन गरिएको छ । संस्कृत भाषामा लेखिएका *पद्मपुराण, श्रीमद्भागवत, कुर्मपुराण, रामायण, महाभारत, आनन्द रामायण, दशाअवतार चरित्र*लगायतका ग्रन्थका पात्र राम र रावणका

भूमिका गहिरो अध्ययन गरी शासक वर्गको शक्तिसत्ताको चलखेललाई उद्‌घाटन गरिएको छ । त्यसैका आधारमा मानव समाजमा विकसित संस्कृतिक इतिहास र सत्ताशक्तिको चलखेलमा निर्मित कुसंस्कृतिबाट हुने अन्तर्द्वन्द्वसँग अन्तर्सम्बन्धित कथानकलाई यथार्थको नजिक पुऱ्याउने प्रयास गरिएको छ । शासक वर्गले आफ्नो प्रभुत्व यथावत राख्नका लागि संस्कृति र साहित्यलाई साधनका रूपमा उपयोग गर्दछ तर साहित्य शोषक समाज व्यवस्थाका विरुद्ध मुक्तिकामी वर्गको वैचारिक सङ्घर्षको एक शक्तिशाली माध्यम र हतियार पनि हुन्छ (पाण्डेय, २०६७, पृ. १४८) । पौराणिक पुराकथा अध्ययन गर्दा तत्कालीन धार्मिक ग्रन्थलगायत संस्कृति, सत्तालिप्सामा आधारित रहेको रहस्य यस उपन्यासले उद्‌घाटन गरेको छ ।

आर्य हुनुको अर्थ ज्ञानी, ध्यानी, सभ्य, शिष्ट हुनु र अरूलाई पनि आफूजस्तै बनाउनु हो । आर्य संस्कृतिले यस्तै गुणको संरक्षण गर्नुपर्ने हो तर *रावणायन* उपन्यासले आर्यहरू शक्तिसत्ताका चलखेलमा लागेका कारण यस्ता गुण कुनै आर्यमा नरहेको रहस्य उद्‌घाटन गरेको छ । *रावणायन*मा आर्य राम नायक र आर्य नै भए पनि रावणलाई खलनायक बनाएजस्तै *रावणायन*मा रावणलाई नायक र रामलाई खलनायक बनाइएको छ । यसमा अभिजात वर्गीय, विजित पात्रका प्रतिनिधिका रूपमा राम उभिएको छ भने दलित, उत्पीडित वर्गीय पराजितहरूको प्रतिनिधि तथा विद्रोही पात्रका रूपमा रावण उभिएको छ । यसर्थ यसमा रावणलाई विभेद विरुद्ध लड्ने नायक पात्रका रूपमा पुर्लेखन गरिएको छ (श्रेष्ठ, सन् २०२५, पृ. १८१) । *रावणायन* उपन्यासमा प्रतिविम्बित आर्यसंस्कृति उपभोगवादी रहेको छ । युद्धमा इन्द्रलाई पराजित गरी रावणले बन्दी बनाएपछि बसेको देव, ऋषिहरूको कचहरीमा एकअर्काका पोल खोलाखोल चलेको छ । यही क्रममा देवगुरु पत्नी तारालगायत अहित्यामाथि दुराचार गर्ने इन्द्र, च्यवन ऋषिकी पत्नी सुकन्यामाथि वक्रदृष्टि राखी मर्यादाहीन प्रस्ताव राख्ने अश्विनीकुमार, वृन्दामाथि दुराचार गर्ने विष्णु आदिजस्ता भोगवादी संस्कारमा हुर्केका र शक्तिसत्ताका आडमा जस्तोसुकै दमन, शोषण हर्कत गर्न पनि पछि नपर्ने (पृ. १०७) भनी गरिएको व्यङ्ग्यले यसको पुष्टि गरेको छ । उपन्यासमा पुलस्त्य पुत्र विश्रवालाई कैकसीले पतिका रूपमा आफैँ अपनाओस् भन्ने बाबु सुमाली र दाजु प्रहस्तको विचारलाई शिरोधार्य गर्दै कैकसीले वृद्ध विश्रवा ऋषिलाई पतिका रूपमा प्राप्त गर्न अपनाएका अनेक उपाय, ताराको विलाप, मन्दोदरी र धन्यमालिनीको विलाप र विद्रोह, सीताको अग्नि परीक्षा, अहिल्या र ताडकामाथि गरिएका अत्याचारमार्फत पनि सत्ताधारी वर्गले शक्तिसत्ताको दाउपेचमा नारीहरूमाथि अत्याचार गरेका तथा उपयोग भएका रहस्य उद्‌घाटन भएका छन् । नारीलाई पशुतुल्य ठान्ने, पशुतुल्य निर्मम व्यवहार गर्न सक्ने पितृसत्तात्मक उपभोगवादी संस्कार यी दृष्टान्तले स्पष्ट पारेका छन् । उपन्यासमा ब्राह्मण, ऋषि र तिनैबाट निर्मित मूल्य, मान्यता, आस्थाहरूलाई देवत्वकरण गर्ने, गरिब, निमुखा, महिलालगायत अनार्य सबैलाई असभ्य, अज्ञानीका भाष्य निर्माण गरी राक्षस बनाउने आर्य संस्कृतिले नै समकालीन प्रतिसंस्कृति जन्माएको देखिन्छ । रावणको रक्षसंस्कृति त्यसैको प्रतिफल हो । आफ्नै समाजमा आफूमाथि गरिएका अन्यायको विरोध गर्दा रावणलाई कुलबाट निकालिएका कारण उसले शक्ति र सत्ता आर्जन गरेर अत्याचार हटाउने विद्रोहमा लाग्ने सङ्कल्प गरेको देखिन्छ । विश्रवा ऋषिका सन्तान रहे तापनि रावणलगायत उसका भाइबहिनीहरूमाथि अन्य ऋषिका सन्तानले गर्ने दुर्व्यवहार उपन्यासमा यसरी प्रतिबिम्बन गरिएको छ :

> ... शुक्र पुत्रले रावणका भाइ, बैनीलाई मन्दिर प्रवेशमा रोक लगायो । उनीहरूलाई अन्टसन्ट तथानाम भन्यो । विभीषण अलि धीर र शान्त स्वभावको थियो । त्यसैले उसले कुनै प्रतिवाद नगरी चुप्पी साधिरहेको थियो । कुम्भकर्ण अलि क्रोधी र विद्रोही स्वभावको हुँदा शुक्र पुत्र र उसका बीच केही भनाभन भयो । द्वन्द्व चर्कँदै जान थालेपछि बैनी शूर्पणखाले दौडिँदै गएर आफ्ना दाजु रावणलाई यो सब कुरा बताई । शुक्र पुत्रले आफ्ना भाइ, बैनीप्रति गरेको दुर्व्यवहारले रावणको स्वाभिमानमा समेत ठेस पुग्यो । यस्ता कतिपय घटनाहरू उसले अनसुना र अनदेखा गर्दै पनि नआएको हैन । तर यो घटनाले भने उसलाई बढी नै दुःखी तुल्याएकाले सहन गर्न सकेन । अतः उसले शस्त्र उठाउने निर्णय गऱ्यो । उता देवपुत्रहरूले पनि शस्त्र उठाउन उद्धत भएको कुरा कसैले गएर ऋषि विश्रवाको कानमा पुऱ्याएछ । ऋषि विश्रवाको संयमका कारण यसपटकको सङ्घर्ष टऱ्यो । (पृ. २८-२९)

उपन्यासमा आएको प्रस्तुत घटनाले आर्यसंस्कृति जातीय, वर्गीय विभेदमा आधारित रहेको कुरा प्रस्ट पारेको छ । मानिस जन्मँदै कोही पनि देवता वा राक्षस हुँदैन । आदिम ऋषिहरूले संस्कृतिका नाममा ऋषि, ब्राह्मण, राजा, महाराजाका भाषा, संस्कार, सन्तानलाई देवत्वकरण गरेका तथा हिन्दु धर्म नमान्ने अनार्यलगायत हिन्दु धर्मको आलोचना गर्ने, वैज्ञानिक खोज अनुसन्धानका विषयवस्तु अध्ययन गरी प्रश्न गर्ने, धर्मका नाममा हुने शोषण, दमनको विरोध गर्ने, श्रमजीवी, स्वतन्त्रता प्रेमी, स्वाभिमानी जीवन जिउन चाहने सबैलाई राक्षसीकरण गरेका यथार्थ उपन्यासमा प्रतिबिम्बित भएको छ । जातीय, लैङ्गिक, वर्गीय विभेद, दमन, शोषणलाई स्थायित्व प्रदान गर्नका निम्ति आर्य संस्कृतिका ब्राह्मण, ऋषिहरूले विभिन्न धार्मिक ग्रन्थ पुराण, उपनिषद्, आचारसंहिता निर्माण गरेर प्रचार गरेका रहस्य यसले उद्घाटन गरेको छ। उपन्यासमा महिला, गरिब, निमुखालगायत अनार्य सबैलाई असभ्य, अशिक्षित, अकुलीन हुँदा पशुतुल्य व्यवहार गर्नुपर्ने परम्परा बनाई त्यसैलाई संस्कृतिका रूपमा स्थापित गर्न खोजेका कारण सांस्कृतिक विद्रोह तथा द्वन्द्व भएको देखिन्छ। यस्ता आचारसंहिताले आर्य सत्ताधारीलाई सत्तामा रहिरहन सहयोग गरेको देखिन्छ साथै पितृसत्तात्मक समाज र सत्ताको संरक्षण गरी महिलालगायत अन्य जातजातिलाई दमन, शोषण गर्ने परिपाटी निर्माण गरेको देखिन्छ। यसर्थ यस्ता धर्मको पक्षपोषण गर्ने कलाकृतिले सामन्तवाद, पुँजीवादको सेवा गर्छ र नयाँ खोज निषेध गर्नुका साथै पुरानै मिथकलाई महत्त्व दिन्छ (पाण्डेय, २०६७, पृ. १५१) । यसर्थमा यस उपन्यासमा धार्मिक ग्रन्थ भनिएका सबै पौराणिक कृतिमाथि प्रश्न गरी शङ्काको विजारोपण गरेको छ । विद्रोह गरी रावणले आर्य संस्कृतिमा पटकपटक उपेक्षा, घृणा सहनुपरेका कारण शिवको तपस्या गरेर शक्ति आर्जन गरेको छ। दण्डधारित आशीर्वाद र शक्ति आर्जनपछि रावणले लङ्कामाथि धावा बोल्दा युद्ध नै नगरी बाउ विश्रवाको सल्लाहमा दाजु कुवेरले सत्ता त्यागेपछि लङ्केशराज बनेको छ । उसका यस्ता विद्रोही गतिविधिलाई सहयोग गर्नेमा उसकै मामा प्रहस्तलगायत राक्षसहरूको पनि सहयोग रहेको देखिन्छ। यसर्थ अनार्य शासन सत्तामाथि आर्यहरूले हमला गरी विजय हुँदा आर्यसंस्कृति स्थापित गरेका तथा आर्य शासनसत्ता, संस्कृतिमाथि अनार्य विजय हुँदा रक्षसंस्कृति स्थापित गरेका हुँदा तत्कालीन युद्ध तथा द्वन्द्व शक्ति, सत्तासंस्कृतिसँग सम्बन्धित रहेको रहस्य उपन्यासमा स्पष्ट आएको छ। संस्कृतिका नाममा जन्माएएका विभेद, कुसंस्कार विकृतिको विरोध गरिएको छ। ऋषि, ब्राह्मणहरूका गलत आचरणको विरोध गरिएको छ। आर्यबाहेक सबैलाई असभ्य, अज्ञानी, पशुतुल्य दमन गर्न योग्य भन्ने भाष्य निर्माण गर्ने हिन्दु धार्मिक ग्रन्थहरू, आचारसंहिता, उपनिषद् आदिको विरोध गरी वेदमा त्यस्ता विभेद केही नभएको तथा मानवतावादी चेतना रहेको हुँदा वेदका आधारमा रावणले रक्ष्‌संस्कृति निर्माण गरेको दाबी गरिएको छ। यसर्थ संस्कृति मावीय सभ्यता विकासका लागि हुन्छ तथा यो समाजिक शक्ति सम्बन्धसँग जोडिँदा विकृति भित्रिन्छ। यस्ता सम्बन्धमा केही प्रभुत्वशाली हैसियतमा र केही अधीनस्थ वा सीमान्तकृत अवस्थामा रहने यथार्थ उदघाटन गर्ने सांस्कृतिक अध्ययनले प्रतनिधित्व र पहिचानको निर्माणमा घटित हुने विकेन्द्रको अवस्था, नयाँ पहिचान निर्माणको अवस्थासमेत अध्ययन गर्दछ (पाण्डेय, २०७३, पृ. ७५) । प्रस्तुत उपन्यासमा पनि आर्यसंस्कृतिका नाममा गरिएका अत्याचारका विरुद्धमा उभिएको रावणका भावना ब्रह्माजीसँग वरदान माग्ने क्रममा यसरी व्यक्त गरिएको छ :

"मैले परिकल्पना गरेको व्यवस्था 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया, सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्भवेत्' हो । सबै सुखी रहून् । सबै निरोगी रहून् । सबैको मङ्गलै मङ्गल होस् । कसैले दुःखको भागी बन्नु नपरोस् । यो हो 'रक्ष संस्कृति' को परिकल्पना । अतः विग्रह नहोला ब्रह्मदेव । यदि भै नै हालेछ भने पनि रीति वा नीतिको अवलम्बन गरी प्रतिकूलतालाई अनुकूल बनाउने मेरो प्रयास रहने छ। आवश्यक परे दण्डको सहारा पनि लिन सकिनेछ" - रावणले भन्यो ।

"दण्ड व्यवस्थाले समाज भयभीत हुन सक्छ" - ब्रह्माले भने ।

"वयं रक्षाम रक्ष संस्कृतिको मूल आधार हो। जब मैले विश्व रक्षाको व्रत लिएको छु भने भयको प्रश्न फेरि कहाँबाट? शङ्का-उपशङ्का गरिरहनुपर्ने कुनै अवस्था नै रहेन" - रावणले स्पष्ट पार्दै आफ्नो मन्तव्य राख्यो ।

ब्रह्माले भने, “म पूर्ण रूपमा सन्तुष्ट भएँ । मैले तँलाई दण्ड धारणको अधिकारी बनाएँ । अधिकारको प्रयोग गर्दा सीमामा रहेर गर्नु ।” (पृ. ३५)

उपन्यासमा यसरी रावणले सुरुवात गर्न लागेको रक्षसंस्कृतिमाथि ब्रह्माले विश्वास गरेको देखिन्छ । आम जनतालाई शान्ति, सुरक्षाको प्रत्याभूति गराएर न्यायपूर्ण, समतामूलक शासन व्यवस्था चलाउन ब्रह्माले रावणलाई आशीर्वाद दिएको देखिन्छ । उपन्यासमा सुमाली पुत्री कैकसीबाट रावणजस्तो छोरा नै जन्मनु र उसको उपयोग गरेर आफ्नो गुमेको राज्य फिर्ताको आशा राख्नुमा पनि शक्ति र सत्तासम्बन्धकै रणनीतिमा आधारित चलखेल देखिन्छ । यस्ता संस्कृतिले शक्ति र सत्तामा रहनेको पूजा गर्ने र शक्ति, सत्ताका निम्ति जस्तोसुकै अधर्मी कार्य गर्न पनि तयार हुने खराब संस्कृतिको विकास गरेको देखिन्छ । उपन्यासमा आर्यसंस्कृतिले कथित देवताहरूले ऋषि, ब्राह्मणहरूको संरक्षण गर्ने तथा अन्य जात, जाति, गरिब, निमुखा नारीहरूमाथि दमन, शोषण गर्ने गरेका भाष्य निर्माण गरेको रहस्य स्पष्ट आएको छ । स्वाभाविक रूपमा कथित देवताहरूलाई जसले देवत्वकरण गरेको छ ती त्यसैको पक्षपाती रहने यथार्थ पनि यसले उद्घाटन गरेको छ । विष्णु, इन्द्र, ब्रह्मालगायत भोगीविलासी रहेका आर्य ऋषि, ब्राह्मणहरूले तिनै भोगीविलासी, दुराचारीलाई सहयोग गर्नु, धर्म संस्कारका नाममा आर्यहरूले इन्द्रजस्ता दुराचारी राजालाई अमरत्व प्राप्त भनी प्रचार गर्नु, त्यस्तैगरी इन्द्रले ऋषि, ब्राह्मणहरूको संरक्षण गरी महिलालगायत अन्य जातजाति, गरिब, निमुखामाथि शोषण, दमन थप्नु, उनीहरूलाई धर्म, संस्कृति, सत्ताबाट हटाउन अनेक उपायहरू अपनाउनु र हटाउन एकजुट हुनुजस्ता कुकर्महरूले उपन्यासमा आर्य संस्कृतिका दुष्ट, भ्रष्ट प्रवृत्तिहरू उद्घाटन गरेका छन् । उपन्यासमा आर्य संस्कृतिका रक्षक अगस्त्य ऋषिले बालक मारिचका “चञ्चल स्वभावका कारण उसलाई राक्षस हुने श्राप दिए र उसका बाउ सुन्दलाई क्रोधित भएर श्राप दिई भष्म गरे (पृ. ८६) ।” यही कारण अन्यायमा पारिएकी मारिचकी आमा ताडकाले कतैबाट न्याय नपाएपछि एक्लै त्यो संस्कारको विरोध गर्दा उसलाई मार्नका निम्ति विश्वामित्र ऋषिले रामको उपयोग गरेका छन् । ताडकाका विद्रोहका कारण नबुझी रामले उसको हत्या गर्नु उपयुक्त थियो त ? यसले ऋषिहरूका धर्म, संस्कृति कस्तो हो भन्ने आशङ्का सिर्जना गरेछ । बालक मारिचका कारण उसका बाआमालाई नै मार्नुपर्ने कस्तो धर्म, संस्कृति भन्ने आक्रोश सिर्जना हुन्छ । धर्मग्रन्थ उनीहरू राक्षस थिए भनेर उम्कन खोज्छ तर राक्षस को हो त ? फेरि मारिचको बालाई भस्म गर्न सक्ने ऋषिले आमालाई भष्म गर्न किन सकेनन् ? यस्ता ऋषिहरू कसरी धर्मात्मा भए ? तिनका श्राप लाग्छ र मान्छे भष्म हुन्छ भन्ने कुरामा कसरी विश्वास गर्न सकिन्छ ? अर्कातर्फ राम र रावणबिचको युद्धमा सुरुमा नै रावणलाई भष्म गरेका भए युद्धमा क्षति कम हुन्थ्यो, किन त्यसो गर्न सकेनन् ? जस्ता धेरै प्रश्न यसले उब्जाएको छ । तिनै रामले उपन्यासमा अगस्त्य ऋषिको प्रशंसा यसरी गरेका छन् :

> ... महर्षी अगस्त्य यस्ता ऋषि हुन्, जसको प्रभावले मारकाट गर्न उद्धत जन्मजात शत्रु पनि हतियार बिसाउँछन् । मैले सुनेको छु कि महर्षि अगस्त्यबाट प्रभावित भएर कैयौँ राक्षसहरूले आफ्नो तामसी वृत्ति त्यागेर उनको अनन्य भक्त बने रे । उनका समीपमा चोर, डाकु तथा दुराचारी व्यक्ति आउने साहस नै गर्न सक्दैनन् । मानवीय धर्मका प्रतिमूर्ति उनको सङ्गतले जस्तोसुकै दुर्गुणी तथा दुराचारी व्यक्ति पनि सद्गुणी र सदाचारी बन्दछ । (पृ. १४३)

उपन्यासमा आएको प्रस्तुत दृष्टांशले रामले अगस्त्य ऋषिको प्रशंसा गरेको सन्दर्भ प्रष्ट पारेको छ । यस्ता ऋषिले मारिच, सुबाहु र ताडकालाई सद्गुणी बनाउन किन सकेनन् ? सुन्दलाई किन भष्म गरे ? आफ्ना सन्तानको पक्षमा बोल्ने बाउलाई मृत्युदण्ड नै दिनुपर्छ र ? सम्झाएको भए सुन्द पनि सद्गुणी बन्थे कि ? कतैबाट न्याय नपाएपछि रक्षसंस्कृतिको शरणमा पुगेकी ताडकाले रावणको प्रशंसा गरी भन्दैमा रावण पनि दोषी कसरी बन्यो ? अगस्त्य ऋषिले रावणलाई हतियार बिसाउने सद्गुणी बनाउन किन सकेनन् ? जिउँदै भष्म गर्न सक्ने अगस्त्य ऋषिले ताडका मार्न किन रामलाई लगाए ? आफै मार्न किन सकेनन् ? कथित स्वर्गका राजा इन्द्रले उनकै वरिपरि दुराचार गर्दा किन सदाचारी बनाउन सकेनन् ? गौतम ऋषिले दुराचारी इन्द्रलाई सराप नदिई किन श्रीमती अहिल्यालाई दिए ? राम उनको मुक्तिदाता कसरी बने ? आदिजस्ता प्रश्नहरू यसले स्वाभाविक रूपमा उब्जाउँछ । यी सबै शक्तिसत्तामा आधारित अत्याचारी, दमनकारी प्रवृत्ति मात्र रहेको कुरा यसले

स्पष्ट पार्छ। यसले आर्य संस्कृतिमा कतिपय ऋषिका खराब प्रवृत्ति, संस्कारहरू छोपछाप पारिएका, कतिपयलाई अलौकिक शक्ति प्राप्त बनाएर सोझा, निमुखामाथि शोषण र दमन गर्न उपयोग गरिएका रहस्यको नजिक पुऱ्याउँछ। अगस्त्य ऋषिमा श्राप दिएर जिउँदो मान्छे तत्काल भष्म गर्न सक्ने शक्ति थियो भने उनले नरुचाएका पात्र रावणलगायत सबैलाई श्राप दिएर तत्काल भष्म गर्थे होलान् नि त ! अनि त्यही नै विवाद टुङ्गिन्थ्यो होला। यसर्थ आर्य कला, संस्कृतिले सामान्य मान्छेलाई देवत्वकरण गर्दा चुकेका छिद्रबाट पनि आर्य संस्कृतिका खराब प्रवृत्तिहरू पहिचान गर्न सकिन्छ। यसबाट आर्यसंस्कृतिले विश्वामित्र, अगस्त्य ऋषिजस्ताको शक्ति चढाइबढाइ गरी अलौकिक पारिएको रहस्य स्पष्ट हुन्छ। यसले ब्रह्मा, विष्णु, शिव, राम र इन्द्रजस्ता सामान्य पात्रलाई देवत्वकरण गर्ने काम पनि ऋषिहरूले नै गरेको रहस्य उद्घाटन गरेको छ। उपन्यासमा देवाशुर सङ्ग्राममा पराजित भएका आर्यहरूले रावणको बढ्दो प्रभाव देखेर उसको तेजोबध गर्ने अनेक उपाय लगाएका छन्। यसै सन्दर्भमा कथित देवता, ऋषिहरूको कचहरी बस्दा तिनीहरूले गरेका अत्याचार तिनीहरूकै बिचमा शिवका अभिव्यक्तिमार्फत यसरी प्रस्तुत गरिएको छ :

> नीलकण्ठ बोले, "गुरुदेव ! तपाईं पनि आफ्नो पाठशालामा अध्यापन गराउने समयमा भेदभाव गर्नुहुन्छ। आफ्नो पुत्र कचलाई संयमको पाठ पढाउनुभयो जसको कारण कचले राक्षस गुरु शुक्राचार्यसँग सञ्जीवनी विद्या अर्थात् जीवनदायिनी शिक्षा लिँदाको बखत गुरु पुत्री देव्यानीले गरेको प्रणय निवेदन ठुकुराएको थियो। तपाईंले अरू देवतालाई यस्तो शिक्षा किन दिनुभएन ? त्रिलोकको अधिपति भइसकेको प्रह्लाद पौत्र दयालु असुर राजा बलिलाई विश्वको भरण-पोषण गर्ने भनी विश्वम्भर कहलाइनुभएका विष्णुदेव जो यहीँ हुनुहुन्छ, उहाँले किन वामन रूप धारण गरेर रसातलमा पुऱ्याउनुभयो। के यो दोष थियो राक्षसराज बलिको ?
>
> इन्द्रले महर्षी परम्पराको पालना गर्ने आफ्नै सखा विप्रचिति दानव पुत्र, दानवहरूको राजा नमुचिलाई अकारण वध गरेका थिए किन ? इन्द्र नै एक त्यस्ता देवता हुन् जसले कुनै पनि राजालाई आफूभन्दा शक्तिशाली बन्न दिएनन्। कुनै राजाले अश्वमेध यज्ञ गर्न लाग्दा घोडा चोर्नेदेखि महान् तपस्वी ऋषिमुनिहरू कहाँ अप्सराहरू पठाएर नाना हाउभाउ, कटाक्ष गर्न लगाई तपभङ्ग गराएर मोहित तुल्याई पथभ्रष्ट गराइदिने काम इन्द्रले गर्दथे। यी सबै आफू मात्र शक्तिशाली बन्ने तृष्णा र इन्द्रिय भोगको लिप्सा अर्थात् वासनाको परिणति न हो। कि हैन ? तपाईंसँग मेरो प्रश्नको के उत्तर छ आचार्य ? (पृ. १०८-१०९)

उपन्यासमा आएको प्रस्तुत दृष्टांशले आफूले आफैँलाई देवत्वकरण गर्ने आर्य ऋषिहरूका सांस्कृतिक कुरूपता र खराब व्यवहार उद्घाटन गरेको छ। कचहरीमा उपस्थित सबै कथित देवता, ऋषिका बदमासी तथा कमजोरीहरू उपन्यासमा प्रतिबिम्बन गरिएको छ। तर उनीहरू आफ्ना बदमाशी, कमजोरी स्वीकार गर्दैनन् र अर्काको तेजोबध गर्नका निम्ति जस्तासुकै दुष्ट, भ्रष्ट हर्कत गर्न पनि तयार रहेको देखिन्छ। यसले सेनाकाको "धर्मलाई सामान्य मानिसले पत्याउँछ, शिक्षितले बहिष्कार गर्छ राजनीतिज्ञले उपयोग गर्छ" भन्ने भनाइलाई प्रमाणित गरेको छ। मानिसले अज्ञानतावश डर, त्रास हटाउनका निम्ति ईश्वर मानेका हुन्। यसर्थ यस उपन्यासले मानवताहीन अधर्मीहरू कसरी देवता हुन सक्छन् भन्ने आशङ्का सिर्जना गरेको छ ? राक्षस भनिएका रक्षसंस्कृतिका मानिसहरूमा भन्दा पनि निचभाव आर्य संस्कृतिले देवत्वकरण गरेका सँग भएको रहस्य यसले उद्घाटन गरेको छ। उपन्यासमा रक्षसंस्कृतिको अधिष्ठाता रावणको प्रभाव, दबाब र रवाफ कम गर्नका निम्ति ऋषि, ब्राह्मणहरूले सांस्कृतिक द्वन्द्व चर्काएर युद्धका निम्ति रामलाई शारीरिक तथा मानसिक रूपमा तयार गरेका छन्। यसर्थ रावणको रक्षसंस्कृतिका बारे सुनेर प्रशंसा गर्ने रामलाई रावणसँग एउटै समारोहमा रहँदा पनि विश्वामित्र चिनाउन खोज्दैनन्। अर्कातर्फ रावणका आफ्नै परिजनले पनि रक्षसंस्कृतिको विकासमा असहयोग गरेका कारण रावणको पतन भएको देखिन्छ। राम र रावण एकअर्काका प्रशंसक हुँदाहुँदै पनि राम, लक्ष्मणले शूर्पणखाको नाक कान काट्नु तथा रावणले सीता अपहरण गर्नु नै उनीहरूका बिचको द्वन्द्वको मुख्य कारण बनेको छ। यही मौकाको सदुपयोग गर्दै सम्पूर्ण आर्य ऋषि, ब्राह्मण कथित देवताहरू समेटिएर रावणका विरुद्धमा खनिएका कारण श्रीलङ्का नै ध्वस्त भएको रहस्य उपन्यासमा स्पष्ट आएको छ।

यसर्थ यी सबै अधर्मी हुन् । धारण गर्नयोग्य नै धर्म हो, मानवतावादी धर्मभन्दा अर्को ठूलो धर्म केही छैन । प्राणी हत्या सबभन्दा ठूलो अधर्म हो । तर आर्य संस्कृतिमा निर्मित धार्मिक ग्रन्थहरू प्राणी हत्यालगायत सामाजिक, वर्गीय, लैङ्गिक, जातीय विभेद, दमन, शोषणमा आधारित रहेका छन् । आर्य संस्स्कृति सत्तालिप्सामा आधरित हुँदा सबै प्राणिका हित हुने धार्मिक गतिविधिहरू यसमा नरहेको दृष्टिकोण उपन्यासमा आएको निष्कर्ष यस लेखमा निकालिएको छ। धार्मिक ग्रन्थहरू र धर्मभिरुहरू समग्र प्राणीहरूका निम्ति हितकर हुन्छन्, मानवतावादी हुन्छन् भन्ने भ्रम चिर्न उपन्यास सफल बनेको छ। सबै धर्म, संस्कृति शक्तिशाली सत्तासँग जोडिएका र तिनले सत्ताधारी वर्गलाई शक्तिशाली बनाएर अर्को वर्गमाथि दमन गर्ने रहस्य यस उपन्यासले उद्घाटन गरेको निष्कर्ष यस लेखमा निकालिएको छ।

**'रावणायन' उपन्यासमा प्रतिबिम्बित रक्षसंस्कृति र सत्तासम्बन्ध**

*रावणायन* उपन्यासमा रावणलाई केन्द्रीय पात्र तथा नायकको भूमिका दिइएको छ। रावणकै विभिन्न क्रियाकलाप र चरित्र वर्णन गर्ने क्रममा अन्य पात्रहरू आवश्यकताअनुसार उपन्यासमा तानिएर आएका छन् र बिचमा नै हराएका छन् । त्यस्तैगरी सहायक पात्र वा खलपात्रका रूपमा रामलगायत ऋषिहरू, आर्यसंस्कार र आदर्शलाई प्रतिबिम्बन गरिएको छ । ऋषि संस्कृतिले स्थापित गरेका अन्याय, शोषण, दमन, वर्गविभाजन तथा नियन्त्रणमुखी संस्थाका धार्मिक नियम, अनुशासन, नैतिकताका विरुद्धमा रावणले रक्षसंस्कृतिको आरम्भ गरेको वर्णन उपन्यासमा आएको छ। ऋषिकुलमा जन्मिएको रावणले त्यस समाज र संस्कारमा अनेक किसिमका दुर्व्यवहार, अन्याय खेप्नु परेपछि ध्यान, तपस्याबाट शक्ति र सत्ता प्राप्त गर्दै रक्षसंस्कृतिको विकास गरेका घटनामार्फत उपन्यासमा समाजमा सामन्ती संस्कृतिसँगै प्रतिसंस्कृति जन्मिएर हुर्किएको रहस्य उद्घाटन गरिएको छ। प्रत्येक सत्तासंस्कृतिसँगै प्रतिसंस्कृति पनि हुर्किरहेको हुन्छ र त्यसले मानव सभ्यता निर्माणको उपकरण बनेर मानवता, देशभक्ति, विश्वबन्धुत्व प्रवर्धनमा महत्वपूर्ण भूमिका खेल्छ (उपाध्याय, सन् २०२२, पृ. १८५) । यसर्थ उपन्यासमा असमानता, अन्यायको विजारोपण गर्ने आर्य संस्कृतिका विरुद्धमा रक्षसंस्कृतिको उदय भएको छ। राक्षसकुलकी आमा कैकसी र ऋषिकुलका बाबु विश्रवा भएका कारण रावणमा ती दुवै संस्कृतिका राम्रा, नराम्रा संस्कारहरू समन्वय भएको देखिन्छ। उपन्यासमा सामान्य, सरल, प्राकृतिक जीवनशैलीमा बाँचेका आदिम समाजका मानिसलाई विभाजित गरेर नियन्त्रणमुखी बनाउने काम ऋषिहरूबाट निर्मित आर्यसंस्कृतिले गरेका रहस्य रावणमार्फत यसरी प्रस्तुत गरिएको छ :

> ... यक्ष संस्कृतिका अनुयायी मेरा अग्रज कुवेर सबैसँग कर असुल गरेर आफ्नो र देवताहरूको भोग-विलासमा खर्च गर्छन् । रावणको रक्ष संस्कृतिमा त्यस्तो हुँदैन । जसले रक्ष संस्कृति स्वीकार गर्छ । उसले तिरेको तिरो तथा करले राज्यले आम नागरिकको रक्षाको प्रबन्ध गर्नुका साथै शिक्षा, स्वास्थ्य एवं सर्वाङ्गीण विकासमा खर्च गर्छ। सेवाभाव यो संस्कृतिको मूल उद्देश्य हो। (पृ. ६३)

उपन्यासको प्रस्तुत दृष्टांशबाट कुलीन वर्गकै हितअनुकूल नैतिकता, अनुशासन, आदर्शका मान्यता निर्माण गरी विधिको शासन व्यवस्था चलाउने नाममा असमानता र अत्याचारको सुरुवात आर्य संस्कृतिले गरेको यथार्थ स्पष्ट हुन्छ । यसले रक्ष संस्कृतिका आचरण पनि स्पष्ट पारेको छ। नीतिप्रधान व्यवस्थित धर्मसंस्कार निर्माण गरेर साधारण जनतामाथि अत्याचार गरेका कारण ऋषि संस्कृति लोप हुँदै गएको रहस्यसमेत यसले उद्घाटन गरेको छ । आफ्नै अनुभव र ज्ञानमा आधारित विश्वासमा बाँचेका जनतामाथि कथित धर्मका नाममा अनेक धार्मिक तन्त्रमन्त्र, शास्त्र निर्माण गरी एकअर्काका बिचमा भिडन्त गराएर आतङ्कित बनाउने र शक्तिसत्तामा आधारित धर्मसंस्कारले उपन्यासमा सामाजिक विद्रोह उत्पन्न गराएको छ। यही कारण आर्य समाजीहरूलाई रावणका न्यायमूलक तथा समतामूलक व्यवहारमा आधारित रक्ष संस्कृति मन नपरेको देखिन्छ। यही नै तत्कालीन सांस्कृतिक अन्तर्द्वन्द्वको जड बनेको देखिन्छ। रावणसँग पराजित हुनेहरूले एकजुट भएर रावणका विरुद्धमा षड्यन्त्र गरेका छन् । षड्यन्त्रको सफल प्रयोगका निम्ति रामलाई प्रतिद्वन्द्वीका रूपमा उपस्थित गराइएको छ। रक्षसंस्कृतिलाई समुन्नत बनाउन नपाउँदै शूपर्णखाका दुश्चरित्रका कारण रावणले सीतालाई अपहरण गरेको छ। यही नै

रक्ष संस्कृतिको अन्त्यको कारण बनेको छ। समग्रमा भन्दा आर्य संस्कृतिभन्दा आदिम उपभोक्तावादी संस्कृतिमा सामाजिक समानता थियो। मानिसले प्राकृतिक सहज जीवन बाँचेका थिए। धर्मका नाममा राजनीति गरेर राज्य र राजा स्थापना गर्ने ऋषिकालीन संस्कृतिले स्थापित गरेका समाजिक विभेद, बलिप्रथा, अन्याय हटाउन रावणले गरेका प्रयास उपन्यासमा यसरी प्रतिबिम्बन भएको छ :

> "रावणले समाजमा व्याप्त यस किसिमका प्रतिबन्ध तथा विभेदकारी नीतिको अन्त्य गरी समानता, स्वतन्त्रता, भाइचारा र न्यायको आधारमा सबै नागरिकलाई समान हक दिलाई सर्वाङ्गीण विकासको अवसर प्रदान गरेको थियो।" (पृ. ८४)
>
> रावण यस किसिमको बलिप्रथाको घोर विरोधी थियो। उसले आफूद्वारा प्रतिपादित व्यवस्था रक्ष संस्कृति वेदसम्मत भएको र वेदमा यस किसिमको बलिप्रथा कतै उल्लेख नभएको जिकिर गर्दै बलिप्रथा निषेध गरेको थियो। बलिप्रथा विरुद्ध समाजमा चेतना फैलाएर पशुपक्षी पनि समाजकै अङ्ग भएको र प्राकृतिक सन्तुलन राख्न मानिसहरूको अहम् भूमिका हुन्छ भन्ने कुरा जनमानसमा व्यापक प्रचार गराएको थियो। (पृ. ८५)

प्रस्तुत दृष्टान्तबाट आफ्नै वर्ग वा जातको हक, हितअनुकूल हुने गरी वेद, धर्मशास्त्र, नीतिसूत्र आदि लेखेर वर्गीय समाज र शासनव्यवस्था स्थापित गर्ने ऋषिहरूभन्दा रावण उदार रहेको स्पष्ट हुन्छ। स्वर्गको सुख वा नरकको डर, त्रास देखाएर धर्मका नाममा समाज नियन्त्रण गरी चर्को दमन, शोषण गरेर भोगीविलासी जीवन जिउने प्रवृत्ति ऋषिकालीन संस्कृतिले आर्य राजाका प्रवृत्ति स्थापित गरेको देखिन्छ। आदिम संस्कृतिमा प्राकृतिक स्वतन्त्रतामा रमाएका मानिसहरूलाई व्यवस्थित तर अन्यायपूर्ण शोषण, दमन गरेर सामाजिकीकरण गरेका, धर्मयुद्धका नाममा अनैतिक, अधार्मिक गतिविधि गरिएका रहस्य यस उपन्यासले खोतलेर बाहिर ल्याएको छ। तन्त्रमन्त्र विद्याका आडमा तपस्या गरी शक्तिआर्जन गर्ने, रूढिवादी तथा अन्धविश्वासी कुतर्कहरूबाट भ्रम फैलाएर जसरी हुन्छ शक्ति सत्तामा बस्ने वा पुग्ने, भोगीविलासी जीवन जिउने प्रवृत्तिको विकास गर्ने शृङ्खला आर्यसंस्कार र सभ्यताले स्थापित गरेको देखिन्छ। त्यसका विरुद्धमा विद्रोह गर्नेहरू राक्षसीकरण गरिएका छन्। त्यसको रक्षामा लाग्नेहरूलाई देवत्वकरण गरिएको छ। यसर्थ उपन्यासमा वेद, पुराण, संहिता निर्माण गरेर सर्वसाधारण जनतामाथि धार्मिक नियन्त्रण गरी शक्ति र सत्ताका निम्ति राजनीति गर्ने, दमन, शोषण गर्ने कुसंस्कृतिको भण्डाफोर गरिएको छ। सर्वसाधारण जनता सधैँ शोषण, दमन र अन्याय सहेर बाँच्न सक्दैनन्। कुनै न कुनै दिन विद्रोह हुन्छ भन्ने यथार्थ यसले उद्घाटन गरेको छ। विद्रोह नै परिवर्तनको सूचक रहेको विचार उपन्यासमा रावणमार्फत व्यक्त गरिएको छ।

उपन्यासमा राम र रावणबारेमा भएका विरोधाभासपूर्ण विभिन्न भूमिका र किंबदन्तीहरूलाई चिरफार गरी यथार्थका नजिक हुने गरी घटनासन्दर्भहरू वर्णन गरिएको छ। यसबाट आर्यसंस्कृति तथा रक्षसंस्कृति दुवै शक्तिसत्ताको चलखेलमा आधारित रहेको यथार्थको नजिक पुग्न सकिन्छ। विभिन्न पुराकथामा वर्णित राम, रावणका भूमिकाहरूका आधारमा रावणका चरित्रलाई आदर्शीकरण गरिएको छ। विभिन्न पुराण वा पुराकथामा रहेका यी पात्रहरूका चरित्र स्पष्ट पारी रामका तुलनामा रावण मानवीय गुणसहितको सभ्य, आदर्श चरित्र रहेको दृष्टिकोण आएको छ। यसर्थ भविष्यमा हुने राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तनहरू सँगसँगै त्यसको समसामयिकता पनि अहिलेको भन्दा फरक हुँदै जानेछ वा अहिले अनुभव गरेको समसामयिकता हराएर अर्कै पूर्ण रूपले नौलो समसामयिकता आउँछ भन्ने चाहिँ होइन (उप्रेती, २०६८, पृ. ९-२७)। तर पुराना संस्कृति अध्ययन गर्दा त्यसभित्रका विकृतिले विद्रोह जन्माएको रहस्य उद्घाटन गर्न भने यसले सहयोग गर्छ। यही यथार्थ रावणायन उपन्यासमा आएको छ। उपन्यासले मानव सभ्यता विकासका क्रममा शक्ति र सत्ताका आडमा हार्नेलाई राक्षसीकरण गर्ने र जित्नेलाई देवत्वकरण गर्ने गरेका आदिम कुसंस्कारका यथार्थ उद्घाटन गरेको छ। उपन्यासमा रावणलाई समग्र हार्ने राजाहरूको प्रतिनिधिका रूपमा उभ्याइएको छ भने रामलाई समग्र जित्ने राजाहरूका प्रतिनिधिका रूपमा उभ्याइएको छ। युद्ध हार्नेहरूले हार्नुभन्दा अगाडि पटकपटक जितेका वा राम्रा काम गरेका पनि हुन

सक्छन् । युद्धका नियमविपरीत छलकपटकपट गरेर हारे कि नगरी हारे भन्ने कुरा पनि महत्त्वपूर्ण हुन्छ । त्यस्तै गरी जित्नेले युद्धका नियम विपरीत छलकपट, षड्यन्त्र गर्यो कि गरेन, जित्नुभन्दा अगाडि पटकपटक नराम्रा काम गरे कि गरेनन् भन्ने पनि महत्वपूर्ण हुन्छ । तर जित्नेका कुकर्महरू कसरी छोपिन्छ र हार्नेका असफतालाई कुकर्ममा जोडेर कसरी उचालिन्छ भन्ने रहस्य राम र रावणलगायत मिथकीय पात्रहरूमार्फत उपन्यासमा स्पष्ट आएको छ । यसर्थ उपन्यासमा शक्ति, सत्ताका आडमा शक्तिहीनहरूलाई शोषण, दमन गर्ने आर्यका प्रवृत्तिले संस्कारको रूप प्राप्त गरेको रहस्य खोतलिएको छ । मानव सभ्यता विकासका क्रममा आदिकालमा भएका वर्गीय द्वन्द्वका यथार्थ नजिक उपन्यास पुगेको छ । यसमा राम र रावणका बारेमा विभिन्न ग्रन्थमा गरिएका भ्रमात्मक वर्णनहरूबाट भएका सांस्कृतिक भ्रमलाई चिर्ने प्रयास गरिएको छ । राम, रावणका वास्तविक चरित्र, गुण, अपगुण सबैलाई चिरफार गरी घटनाहरूलाई यथार्थ नजिक पुग्ने गरी संश्लेषण गरिएको छ । यही यस उपन्यासको सबल पक्ष हो ।

**निष्कर्ष**

*रावणायन* उपन्यासले आर्य संस्कृतिले शक्तिसत्ताकै चलखेका लागि मान्छेलाई देवता, मानव, दानव वा राक्षसका रूपमा विभाजन गर्ने कुसंस्कार बसालेको रहस्य उद्‌घाटन गरेको छ । उपन्यासका आधारमा सत्ताका आडमा शक्तिशाली व्यक्ति वा वर्गले शक्तिहीन वर्गमाथि गरेका विभिन्न दमन, शोषण, अत्याचार र प्रतिरोधका शृङ्खलाहरू हुँदै मानव सभ्यताको सांस्कृतिक विकास भएको निष्कर्ष निकालिएको छ । उपन्यासमा रावणका भूमिकामार्फत अत्याचारका विरुद्ध विद्रोह र प्रतिरोध गर्नुपर्छ भन्ने विचारको पक्षपोषण गरिएको छ । आदिकालमा धर्मका नाममा गरिने दमन, शोषण कुटील राजनीतिमा आधाीरत रहेको रहस्य यसले स्पष्ट पारेको छ । शक्तिसत्तामा रहनेले गरेका अन्यायपूर्ण व्यवहारका समर्थन गर्नेलाई दास बनाउने र विद्रोह गरे भित्ता लगाएर खेदी जिउँदो लास बनाउन खोज्ने प्रवृत्ति आदिम सभ्यता र संस्कृतिमा रहेको तथा यसले वर्तमानसम्म पनि नरन्तरता पाएको यथार्थ उपन्यासबाट स्पष्ट भएको छ । पौराणिक ग्रन्थमा अभिजात वर्गीय अन्याय, शोषण, दमनलाई आर्शिवाद, पुन्य, पाप र श्रापसँग जोडेर गरिएका व्याख्यामाथि प्रश्न गरिएको छ । समाजमा चतुर ऋषि नै राजा बन्दै भोगीविलासी जीवन जिउने र राजाले गरेका अत्याचार सहेर बाँच्न विवश पार्ने प्रवृत्तिको विरोध गरिएको छ । जनताले समग्र उत्पीडन विरुद्ध विद्रोह गरेपर्ने विचार सम्प्रेषण गरिएको छ । राम र रावणका चरित्र र प्रवृत्ति उत्खनन् गरी यी पात्रका पुराना स्थापित भाष्य उल्टाउने प्रयास गरिएको छ । रावणलाई पराजित तथा उत्पीडित समुदायको प्रतिनिधि नायकका रूपमा प्रस्तुत गरी उपन्यासमा समतामूलक, न्यायमूलक समाजको खोजी गरिएको छ । संस्कृतिका नाममा स्थापित विकृतिले उच्च, निचको अवधारणा जन्माएको रहस्यमय यथार्थ प्रस्तुत गर्दै त्यसको विरोध गरिएको छ । उपन्यासमा आएका ऋषि, ब्राह्मण, राजा आादिले सत्तामा एकाधिकार जमाएर शक्तिका आडमा सर्वसाधारण जनतामाथि गरेका नियन्त्रणका विरुद्धमा विद्रोह गर्नेहरूलाई राक्षसीकरण गर्ने गरेका परिवेश चिरफारबाट नेपाली समाजका उत्पीडित वर्गीय जायज माग र मुद्दाको सम्बोधन हुनुपर्ने यथार्थको पक्षपोषण गरिएको छ । अहिल्या, तारा, ताडका, सुन्दजस्ता गरिब, श्रमजीवी, महिला, किसानहरूलाई दोस्रो दर्जामा राखेर दुर्व्यवहार गरेको परिवेशबाट दलित, उत्पीडित भुइँमान्छेलाई समाजका वर्तमान यथार्थ र पहिचानका मुद्दामा सचेत बनाएको देखिन्छ । यसले समतामूलक तथा न्यायमूलक समाज निर्माणमा आधारित लेखकका वैचारिक दृष्टिकोणसमेत स्पष्ट पारेको छ । उपन्यासमा आफ्नो भाषा, संस्कृतिलाई देवत्वकरण गर्ने ऋषि तथा ब्राह्मणहरूले श्राप वा आशीर्वाद दिए लाग्ने, तत्कालै भष्म गर्न सक्नेजस्ता डर, त्रासमा पारेर अन्य जातजातिलाई नियन्त्रणमा लिई धर्म, संस्कृतिका नाममा शक्तिसत्तामा रही शोषण, दमन गरेका र त्यसको अवशेष वर्तमानसम्म रहेको स्पष्ट दृष्टिकोण आएको निष्कर्ष यस लेखमा निकालिएको छ । उपन्यासमा प्रतिबिम्बित सामाजिक तथा सांस्कृतिक अन्तरद्वन्द्वयुक्त परिवेशहरूले राम र रावणबिचको युद्ध अन्याय, अधर्म विरुद्ध नभई आर्यसंस्कृति र रक्षसंस्कृति बिचको सत्ताशक्तिको चलखेलमा आधारित युद्ध रहेको रहस्य स्पष्ट पारेका छन् । यसले आर्यसंस्कृतिले शत्रुहरूको राक्षसीकरण गर्ने र आर्य ऋषि वा शासकहरूको देवत्वकरण गर्ने कुसंस्कारको

विकास गरेको रहस्यमय यथार्थ खोतलेर त्यसैको अवशेष वर्तमान सत्तासंस्कृतिमा समेत रहेको तर्कपूर्ण पुष्टिसहित पाठकसामु ल्याएको निष्कर्ष यस लेखमा निकालिएको छ । मानिसलाई सत्ताधारीबाट निर्मित धार्मिक कुसंस्कार अनुसरण गरी धार्मिक बन्न लगाउनु, मान्नु अलौकिक मिथ्या, काल्पनिक वा मनोगणन्ते तर्कको सहारा लिई प्रगति पथको निषेध गर्नु हो । यसले उच्च-नीच, अछुत जात, गरिब-धनी, भागी-अभागीजस्ता विभेद जन्माउँछ र सत्ताधारीलाई सत्तामा रहिरहन सहयोग गर्छ । धार्मिक मिथकको लक्ष्य यही रहेको कुरा यस उपन्यासले पुष्टि गरेको छ । यसर्थ यस उपन्यासले समाजलाई धर्मान्दा बनाएर राज गर्नेले नै धर्मको पक्षपोषण र संरक्षण गरेका यथार्थसमेत उद्घाटन गरेको निष्कर्ष निकालिएको छ ।

### सन्दर्भग्रन्थसूची


उपाध्याय, विष्णुप्रसाद (२०२२), 'सांस्कृतिक आलोकमा अविरल बग्दछ इन्द्रावती उपन्यासको विवेचना', *नुटा जर्नल,* वर्ष : ९, अङ्क : १-२, पृ.१८३-१९१ ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* अक्षर क्रिएसन नेपाल ।

खनाल, रेवतीरमण (२०७८), *रावणायन,* भुँडीपुराण प्रकाशन ।

गैरे, शङ्करप्रसाद (सन् २०२४), 'द्रौपदी अवशेष उपन्यासमा सांस्कृतिकता', *भरतपुर प्रज्ञा,* वर्ष : २, अङ्क : २, पृ.१३९-१५० ।

गौतम, लक्ष्णप्रसाद (२०७१), 'उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पर्याधार', *जुगल सैद्धान्तिक नेपाली समालोचना,* (सम्पा.) राजेन्द्र सुवेदी, जुगल पब्लिकेसन, पृ. ३२९-३५७ ।

चापागाईं, निनु (२०७३), *पूर्ववाद र सइदेली विचार,* साझा प्रकाशन ।

जीवन, जीवन्त (२०७९), 'निर्मित भाष्यको विनिर्मीति', *नागरिक दैनिक,* https://nagariknews. nagariknetwork.com/arts/980231-1667011455.html. कार्तिक १२ ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (२०६७), 'सर्वहारा र साहित्य', *मार्क्सवादी साहित्य चिन्तन,* सम्पा. निनु चापागाईं, साझा प्रकाशन, पृ. १४७-१६२ ।

प्रभात, विष्णु (सम्पा.) (२०७४), *प्रज्ञा संस्कृति कोष,* नेपाल प्रज्ञाप्रतिष्ठान ।

बराल, ऋषिराज (२०६७), *मार्क्सवाद र उत्तराधुनिकतावाद,* साझा प्रकाशन ।

बानियाँ, कर्णबहादुर (सन् २०२४), 'नूतन शैली र अवधारणाको उपन्यास रावणायन', *समकालीन साहित्य,* https://www.samakalinsahitya.com/sahitya/details/8135, अप्रिल १७ ।

भट्टराई, धनेश्वर (२०७८), 'अनुद्घाटित रहस्यहरूको प्रक्षेपण रावणायन', *रावणायन,* लेखक रेवतीरवण खनाल, भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक, वर्गीय, लैङ्गिक र जातीय अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* भुँडीपुराण प्रकाशन ।

श्रेष्ठ, जीवन (२०२५), 'रावणायन उपन्यासमा युवा चेतना', https://doi.org/10.3126/cognition.v7i1.74794

सापकोटा, कृष्णप्रसाद (२०८०), 'फरक उपन्यासको सांस्कृतिक अध्ययन', *प्रज्ञाश्री,* वर्ष : १२, अङ्क : ४, पृ.३४-४८ ।